का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ पुस २०८०,
शुक्रबार
12 January 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३३८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# पेलेरै जाने नीतिमा सत्तारुढ

कानून निर्माण प्रक्रियामा प्रमुख प्रतिपक्षले अवरोध गरेको गुनासो गर्दै आएका सत्तारुढ दलहरु अब बहुमतीय प्रक्रियाका लागि तयार भएका छन् । सर्वसम्मतिका लागि एमालेलाई नकुर्ने नीति सरकार र सत्तारुढ दलहरुले लिएको देखिन्छ ।

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, २६ पुस ।

संसदीय समितिमा बिचाराधीन विधेयकहरु पास गर्ने तयारीमा सरकार जुटेको छ । नेताहरुका अनुसार लामो समयसम्म सहमतिका लागि पर्खिएतापनि प्रमुख प्रतिपक्षी एमालेले सहमतिमा आउने भन्दा अड्काउने नीति लिएको निष्कर्षमा सत्तारुढ गठबन्धन पुगेको छ । यस अनुसार सरकार र सत्तारुढ दलहरु संसदीय समितिमा प्रस्तुत हुन थालेका छन्

बिहीबार संसदको कानुन न्याय तथा मानव अधिकार समितिले संक्रमणकालीन न्याय सम्बन्धी विधेयक पास गरेर जाने गरी बैठक राखेको थियो । सहमतिका नाममा लामो समयसम्म पर्खिएको र एमालेले टीआरसी विधेयकलाई देखाएर लाभ लिने कार्य मात्रै गरिरकेको निष्कर्षमा पुगेर बहुमतीय प्रक्रियाका लागि तयार भएर अगाडि बढ्न खोजिएको नेताहरु बताउँछन् । बहुमतकै आधारमा टीआरसी टुंग्याउन सत्तारुढ दलहरु तयार भएपछि एमालेले सहमतिको रटान लाउन थालेको छ । राजनीतिक प्रकृतिको मुद्दा भएको भनी टिआरसीमा सहमतिको लागि एमालेले समय मागेपछि सरकार र सत्तारु दलले थोरै समय कुर्ने भनेको छ ।

कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले केही समय कुर्ने र मतदानमा गएर भपनि विधेयक पास गर्ने आफूहरुको चाहना रहेको बताए ।

'हप्ता / दश दिनमा सहमतिका लाीग कुरौं । सहमतिमा टुंगिंदैन भने अब प्रक्रियामा जाऔँ । मेरो आग्रह छ, आउने अधिवेशनको पहिलो दिनमा यो विधेयक माननीय सभापतिले प्रतिवेदनका साथ हाउसमा पेश गर्नुपर्छ' प्रमुख सचेतक लेखकले भने ।

सरकारले माघको पहिलो साता संघीय संसदको अधिवेशन बोलाउने तयारी गरेको छ । कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा उपस्थित कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले केही दिन शीर्ष नेताहरुसँग छलफल गर्ने र संसदको आउने अधिवेशनबाट यो विधेयक पास गर्ने बताए । 'सकेसम्म सहमति खोज्ने र कुनै विषयमा सहमति हुन नसके बहुमतीय प्रक्रियाबाट टुंगो लगाउने सर्वसहमति समिति देखिएको छ' उनले भनेका छन् ।

बिहीबार नै संवैधानिक परिषद सम्बन्धी विधेयक पारित गर्ने तयारीका साथ संसदको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक पनि बोलाइएको थियो । तर, एमालेले सहमतिका लागि समय मागेपछि स्थगित भएको छ ।

बैठक स्थगित हुनु अगाडि सरकारी प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकार धेरै कुर्ने पक्षमा नरहेको बताइन् । संवैधानिक परिषद सम्बन्धी विधेयकमा एमालेले प्रधानमन्त्रीको असहमतिका बाबजुत पनि संवैधानिक परिषदले निर्णय गर्न सक्ने व्यवस्थाको माग राखेको छ भने सत्तारुढ दलहरु यस्तो »» पृष्ठ २ मा



संसदमा जति पनि विधेयक छन् सरकार प्राथमिकताका साथ अगाडि बढाउन चाहिरहेको छ । सकेसम्म सहमतिकै प्रयास गर्ने हो । अन्यथा सरकार धेरै कुर्ने पक्षमा छैन ।

■ **रेखा शर्मा**
**प्रवक्ता, नेपाल सरकार**



संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा हप्ता/दश दिनमा सहमतिका लागि कुर्छौं । सहमतिमा टुंगिंदैन भने अब प्रक्रियामा जाऔँ ।

■ **रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**



सक्नुहुन्छ भने शिक्षा विधेयक बहुमत छ भनेर हुबहु पारित गरेर देखाउनुस् । निजामती ऐन खोइ ? त्यसलाई ल्याएर बहुमतले पास गरेर देखाउनुस् ।

■ **लीलानाथ श्रेष्ठ**
**सांसद, एमाले**

# बम्जन पुर्पक्षका लागि थुनामा

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २६ पुस ।

यौन दुराचारसहित विभिन्न अभियोग लागेका तपस्वी रामबहादुर बम्जनलाई सर्लाही जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासले थुनछेक बहसपछि बिहीबार उनलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको जिल्ला अदालतका श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए । अदालतको आदेश लगत्तै बम्जनलाई जिल्ला कारागार महोत्तरी चलान गरिएको छ । अदालत भित्र बहस चलिरहेको समयमा ठूलो संख्यामा बाहिर बम्जनका अनुयायीहरु भेला भएका थिए । अदालतभित्र र बाहिर ठूलो संख्या सुरक्षाकर्मी पनि परिचालन गरिएको थियो । बम्जनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोलीले मंगलवार काठमाडौंको बुढानीलकण्ठस्थित उनको घरबाट पक्राउ गरेको थियो । बिलासी घरबाट पक्राउ परेका उनलाई प्रहरीले नेपाल र विदेशी पैसा, मोवाल र महंगा गाडीसहित पक्राउ गरेको थियो । उनको निवासबाट ३ करोड ३४ लाख ३७ हजार ९ सय ६ नेपाली रुपैयाँ, अमेरिका,



अस्ट्रेलिया, भारत, चीन, क्यानडा, डेनमार्क, इन्डोनेसिया लगायत १७ देशको विदेशी मुद्रा पनि बरामद भएको थियो ।

आफूलाई 'लिटिल बुद्ध' समेत बताउने बम्जनले सेतो रङको टोयोटा गाडी, चारवटा मोटरसाइकल चढ्दै आएका थिए भने ५ करोड रुपैयाँको ल्यान्ड क्रुजर किन्ने तयारीमा रहेको प्रहरीले बताएको थियो । त्यस्तै उनको साथबाट प्रहरीले १४ वटा मोबाइल, ५ वटा आइप्याड, २ वटा ल्यापटप, २० वटा पेनड्राइभ लगायतका उपकरण समेत बरामद गरेको थियो । बमजनविरुद्ध उनको आश्रममा बस्ने एक अनुयायीले आफूमाथि बालयौन शोषण गरेको उजुरी दिएकी थिइन् । त्यसका आधारमा अदालतले २०७६ उनीविरुद्ध क्राउपुर्जी जारी गरेको थियो । त्यो आदेशसँगै उनी फरार रहेका थिए । उक्त आदेशको चार वर्षपछि प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनीमाथि आफ्ना चार अनुयायी बेपत्ता बनाएको आरोप समेत छ । प्रहरीले त्यस विषयमा समेत अनुसन्धान भइरहेको बताएको छ । उनले बेपत्ता बनाउनेहरुमा सर्लाहीको बाग्मती नगरपालिकास्थित काजीराम टोलकी रिता बोट, नुवाकोटको मेघाङ गाउँपालिकाकी »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# बोर्ड र सेन्टरको सम्झौताप्रति मलेसियन रोजगारदाताहरुको आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस

मलेसियन रोजगारदाताहरुले वैदेशिक रोजगार बोर्ड र फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टरबीच सम्झौता अनुचित र अनावश्यक भएको भन्दै आपत्ति जनाएका छन् । बोर्ड र उक्त मलेसियन संस्थाबीच नेपाली कामदारको कल्याणकारी काम गर्ने भन्दै तेस्रो पक्ष खडा गर्ने सम्झौता भएको थियो । उक्त सम्झौता विवादमा परेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र परराष्ट्रमन्त्री नारायण प्रसाद साउदले त्यसलाई तत्काल कार्यान्वयन नगर्ने बताएका छन् । प्रधानमन्त्री दाहालले श्रम, रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालयलाई उक्त सम्झौता कार्यान्वयन नगर्न निर्देशन नै दिएका छन् ।

मलेसियन रोजगारदाताहरुको छाता संगठन 'एशोसिएसन अफ इम्प्लोइमेन्ट एजेन्सी'ले वैदेशिक रोजगार बोर्ड र मलेसियन कम्पनीबीच भएको सम्झौताले नेपाली कामदारको भर्ना प्रक्रियामा बिना कारण थप शुल्क तिर्न बाध्य पार्ने टिप्पणी गरेको छ । कामदारको कल्याणकारी कार्य गर्ने भन्दै मलेसियन रोजगारदातासँग प्रति कामदार ४५ डलर करिब साढे ६ हजार रुपैयाँ उठाउने गरी गत मंसिर ६ गते शंकास्पदरुपमा बोर्ड र मलेसियाको सेन्टरबीच सम्झौता भएको थियो ।

स्थानीय सञ्चारमाध्यमसँग कुरा गर्दै एशोसिएसन अफ इम्प्लोइमेन्ट एजेन्सीका उपाध्यक्ष सुरेश तानले नेपालीसहित आप्रवासी कामदारको हितमा हेर्न मलेसिया सरकारको आफ्नै कानून र संयन्त्र रहेको भन्दै आप्रवासी कामदारको कल्याण गर्ने जिम्मेवारी तेस्रो पक्षको नभइ मलेसियन रोजगारदाताको हुने बताएका छन् । उनले नेपाली कामदार भर्ना गर्न मलेसिया रोजगारदाताको लाखौं खर्च हुने हुँदा थप खर्च गर्न तयार नभएको बताए ।

## संघका पदेन सल्लाहकार ढकालले दिए राजीनामा



**काठमाडौं / मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष विमल ढकालले संघको सल्लाहकार पदबाट राजीनामा दिएका छन् । मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टरसँग अनुचित सम्झौता गर्न अनुमति दिने वैदेशिक रोजगार बोर्ड बैठकको निर्णयमा संघका »» पृष्ठ २ मा

# शिक्षा विधेयकमा अभिभावकको खोजी

शिक्षा विधेयकलाई समृद्ध बनाउन शिक्षक र शैक्षिक सरोकारवालाहरुसँग छलफलमा केन्द्रित भइरहेको संसदीय समितिको छलफलमा विधेयकमा अभिभावक कहाँ छन भनि प्रश्न उठेको हो ।

**शिव विक / मध्यान्ह**
काठमाडौं, २६ पुस ।


संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सरकारले हालै ल्याएको विद्यालय शिक्षा विधेयकमाथि छलफल चलिरहेको छ । शिक्षा विधेयकलाई समृद्ध बनाउन शिक्षक र शैक्षिक सरोकारवालाहरुसँग छलफलमा केन्द्रित भइरहेको संसदीय समितिको छलफलमा विधेयकमा अभिभावक कहाँ छन भनी प्रश्न उठेको हो ।

बिहीबार समितिमा अभिभावक संघ, संगठन र महासंघका अधिकारीहरुलाई छलफलमा डाकिएको थियो । उनीहरुले विधेयकमा अभिभावकलाई वेवास्था गरेको आरोप लगाएका हुन्

शिक्षक महासंघलाई महत्व दिएजस्तै अभिभावक महासंघलाई समेत विधेयकमा महत्व दिइनुपर्नेमा उनीहरुको जोड छ ।

अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी भन्छन्, 'विधेयकमा शिक्षकलाई जति प्राथमिकता दिएको छ । अभिभावकलाई पनि समेटिएको भए सहअस्तित्वको भावना हुन्थ्यो । यो हुन सकेको छैन ।'

विधेयकमा अभिभावक बारेमा एक शब्द पनि उल्लेख नभएको भन्दै उनले प्रश्न गरेका हुन् । उनी प्रश्न माथि प्रश्न गर्छन, 'यो विधेयक कसको लागि हो ? शिक्षकलाई सम्मान गर्नुपर्छ । उहाँलाई समान नगरेसम्म शिक्षाको विकास हुदैन । तर अभिभावक र विद्यार्थीको कुरा छैन, »» पृष्ठ २ मा





विधेयकमा शिक्षकलाई जति प्राथमिकता दिएको छ । अभिभावकलाई पनि समेटिएको भए सहअस्तित्वको भावना हुन्थ्यो । यो हुन सकेको छैन ।

■ **सुप्रभात भण्डारी**
**अध्यक्ष, अभिभावक महासंघ**

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०८०, शुक्रबार
12 January 2024, Friday

# सरकार देश र जनताको निम्ति बोझ बन्दै छ : ज्ञवाली

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, २६ पुस



नेकपा एमालेका उप-महासचिव प्रदिप ज्ञवालीले वर्तमान सरकार देश र जनताको निम्ति बोझ भएको बताएका छन् । उनले प्रचण्ड नेतृत्वको सरकारका कारण अहिले मुलुकमा राजनीतिक, आर्थिक र सामजिक संकट उत्पन्न भएको भन्दै सरकारको आलोचना गरे ।

नेकपा एमालेका सदरमुकाम सन्धिखर्कमा उपलब्ध कार्यकर्तालाई मदन स्मृति भवनमा सम्बोधन गर्दै ज्ञवालीले सरकारले एउटा पनि राम्रो काम गर्न नसकेको बताए । उनले मुलुकमा संस्थागत रुपमै भ्रष्टाचारलाई बढवा दिएको,उच्च तहबाट नै सुन तस्करी हुने गरेको, हजारौं वर्षदेखि मिलेर बस्दै आएका नेपाली दाजुभाईको बीचमा रहेको सामाजिक सद्भाव र आपसी एकताको भावनालाई टुटाएर द्वयस र घृणाको वातावरण बनाई आपसमा भिडाउने काम गरेको आरोप लगाए ।

पूर्वमन्त्री समेत रहेका ज्ञवालीले वर्तमान सरकारका कारण जनतामा निराशा र अविश्वास पैदा भएको भन्दै उनले नेपाली जनताको सामुहिक सपना समाप्त पारेको बताए । नेकपा एमालेको पालामा मुलुकको विकासले गति लिएको, जनतामा उत्साह पैदा भएको स्मरण गराउँदै उनले सरकारले जनतालाई निराशा पार्ने बाहेक अर्को काम नगरेको बताए। सरकारले ठेक्काको काम गरेका निर्माण व्यवसायीको ७० अर्ब भन्दाबढी रकम रोकेर व्यवसायीलाई बैंक लिलामी गर्ने काम गरेको बताए ।

पूर्व परराष्ट्रमन्त्री ज्ञवालीले सरकारका कारण नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र कुटनीति निक्कै कमजोर भएको भन्दै सरकार टिकाउने नाममा मुलुकको स्वाधिनता र नेपाली जनताको आत्मसम्मानमा चोट पुग्ने काम नगर्न सरकारलाई चेतावनी समेत दिए ।

उनले विकास, समृद्धि, सामाजिक न्याय र समाज रुपान्तरणको निम्ति नेकपा एमालेको विकल्प नभएको बताए । नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालको अध्यक्षता र सचिव तोजबहादुर रायमाझीले सञ्चालन गरेको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रचना खड्का, केद्रीय सल्लाहकार कमिटीका सदस्य नरेन्द्र कुमार क्षेत्री, केद्रीय स्कुल विभागका सदस्य बद्रि खनाल लगायतको उपस्थिति रहेको थियो ।

# युट्युब सञ्चालकलाई पत्रकार आचारसंहिता तालिम

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले युट्युब व्यवस्थापनका लागि आचारसंहिता अभिमुखीकरण शुरु गरेको छ । बिहीबार काउन्सिल कार्यालयमा विभिन्न युट्युब माध्यमका करिब ५० जना सञ्चालक तथा सम्पादकलाई बोलाएर अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम गरिएको हो। कार्यक्रममा युट्युब सञ्चालकहरूले आफूहरूलाई गलत रूपमा सम्बोधन गर्दै युट्युबमार्फत सामग्री सम्प्रेषण गर्न हतोत्साही गरिने गरेको अनुभव सुनाए ।



उनीहरूले डिजिटल माध्यममार्फत सूचना सम्प्रेषण कार्यमा सहयोग नभएको गुनासो गरेका थिए । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले युट्युबमार्फत आचारसंहिता पालना गर्दै पत्रकारिता गर्ने हो भने सञ्चारका सबै क्षेत्रबाट साथ सहयोग हुने बताउँदै काउन्सिलले युट्युबरका समस्यामा गम्भीरतापूर्वक कार्य गरिरहेको बताए ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले समाजले नयाँ कुरालाई सहजै स्वीकार्न नसक्ने भन्दै हिजो पत्रपत्रिका, रेडियो र अनलाइनले भोगेको समस्या अहिले युट्युब सञ्चालकले भोगेको बताए । सूचना तथा प्रसारण विभागका महानिर्देशक शंकर नेपालले युट्युबमार्फत गरिने पत्रकारिता सन्तुलित र जवाफदेही नहुने हो भने यसमाथि प्रश्न सधैँ उठिरहने उल्लेख गरे। काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, अनलाइन टिभी पत्रकार सङ्घका अध्यक्ष जीवन भण्डारी, सूचना तथा प्रसारण विभागका निर्देशक भरत गौतमलगायतले सञ्चार माध्यमका रूपमा सञ्चालन हुने युट्युबलाई व्यवस्थित र विश्वसनीय बनाउन जरुरी भएको उल्लेख गरे ।

कार्यक्रममा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले 'युट्युब र आचारसंहिता प्रश्न' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यस्तै काउन्सिलका सदस्य ठाकुर बेलबासेले 'आचारसंहिताअन्तर्गतका निर्देशिकाहरू', सहप्रशासकीय अधिकृत रामशरण बोहराले 'युट्युब सामग्रीको प्रवृत्ति र व्यवस्थापनमा काउन्सिलको पहलकदमी' तथा अनलाइन टिभी पत्रकार सङ्घका अध्यक्ष जीवन भण्डारीले 'युट्युबको अवस्था र आगामी पहलकदमी' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । काउन्सिलका शाखा अधिकृत महेन्द्रराज सिंहले सहजीकरण गरेको कार्यक्रमको समापन वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले गरेका थिए ।

### पेलेरै...

व्यवस्था राख्न नसकिने पक्षमा छन् । संसदमा जति पनि विधेयक छन् सरकार प्राथमिकताका साथ अगाडि बढाउन चाहिरहेको छ । सकेसम्म सहमतिकै प्रयास गर्ने हो । अन्यथा सरकार धेरै कुर्ने पक्षमा छैन । अब बस्ने बैठकले संवैधानिक परिषद सम्बन्धी विधेयक टुंगो लगाओस्' राज्य व्यवस्था समितिको बैठकमा उनले भनिन् ।

त्यस अगाडि समितिमा नोकझोक समेत चलेको थियो । एमालेका सांसद लीलानाथ श्रेष्ठले विधेयकलाई मतदानमा लगे सत्तारुढ दलहरूका लागि महँगो पर्ने चेतावनी दिए ।

सत्तारुढ दलका सांसदहरूलाई चुनौती दिए, 'सक्नुहुन्छ भने शिक्षा विधेयक बहुमत छ भनेर हुबहु पारित गरेर देखाउनुस् । निजामती ऐन खोइ ? त्यसलाई ल्याएर बहुमतले पास गरेर देखाउनुस् ।'

संवैधानिक परिषद् सम्बन्धी विधेयकलाई मतदातमा लगेर टुंगो लगाए अन्य विधेयकको छलफल पनि त्यसरी नै अगाडि बढ्ने भन्दै उनले त्यसले सरकारलाई सहयोग पुग्छ कि पुग्दैन भनेर ख्याल गर्न आग्रह गरे । सांसद श्रेष्ठले थपे, 'आज बहुमतको कुरा गरिरहनुभएको छ, भोलि अन्य विधेयकमा हाम्रो र अन्य दलको आवश्यकता महसुस पर्ला । यसका लागि हामी सबै तयार रहनुपर्छ ।'

### बम्जन...

२९ वर्षीया चिनीमाया तामाङ, मकवानपुरको हेटौँडा उपमहानगरपालिकाका ३० वर्षीया फूलमाया रुम्बा र बाराको जितपुर सिमरा उपमहानगरपालिकाका ३४ वर्षीय सुरेशकुमार आले रहेका छन् । बेपत्ता भएकाहरुका आफन्तले विभिन्न समयमा खोजतलासका लागि प्रहरीमा निवदेन दिएका थिए ।

### संघका ...

अध्यक्ष राजेन्द्र भण्डारीले हस्ताक्षर गरी सहमति जनाएको भन्दै पूर्वअध्यक्ष ढकालले सल्लाहकार पदबाट बिहीबार राजीनामा दिएको सार्वजनिक गरेका छन् । निवर्तमान अध्यक्ष संघको पदेन सल्लाहकार हुने प्रावधान छ ।

राजीनामा पत्रमा ढकालले भनेका छन्, 'हालै नेपाल सरकार वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशकले मलेसियाको एफडब्लुडब्लुएमसी नामक कम्पनीसँग सम्झौता गरेको र त्यो सम्झौता गर्ने अनुमति दिने बोर्ड कार्यसमितिको कात्तिक २१ गतेको बैठकमा तपाई स्वयंको उपस्थिति र निर्णयमा सहमति अत्यन्तै खेदजनक छ । तसर्थ त्यस्तो श्रमिक र व्यवसायी विरोधी सम्झौता जुन आफैमा राष्ट्रहित विपरीत छ, तपाईंको आफ्नै संलग्नता देखिएको र त्यसका बारेमा अन्तिम समयसम्म ढाकछोप गर्ने प्रयास गरिएको तथा गल्ती स्वीकार गरी आम व्यवसायीसमक्ष क्षमायाचना गरी पद त्याग गर्ने पहल पनि नभएकोले यो काण्डमा प्रत्यक्ष परोक्षरूपमा तपाईंको संलग्नता छैन भन्ने अवस्था नरहेकाले यस्तो परिस्थितिमा संघको सल्लाहकारको रूपमा बसिरहन नैतिकरूपले नमिल्ने भएकाले आजैका मितिदेखि संघको सल्लाहकारबाट राजीनामा दिएको छु ।'

संघका पूर्वअध्यक्ष ढकालले सल्लाहकारको हैसियतले वैदेशिक रोजगारीमा जाने कामदार र व्यवसायीको हितका लागि पटक-पटक लिखित र मौखिक सल्लाह सुभाव दिएपनि संघ नेतृत्वले सोअनुसार काम नगरेको पनि दाबी गरेका छन् ।

उनले राजीनामा पत्रमा भनेका छन्, 'वर्तमान संघ कार्यसमिति निर्वाचित भएपश्चात व्यवसायीको हक हितभन्दा व्यवसायी र श्रमिकलाई प्रतिकुल हुने निर्णय सरकारी पक्षबाट पटक-पटक भइरहेको र त्यस्तो निर्णय हुँदासम्म संघ कार्यसमिति त्यसलाई रोक्ने प्रयास त कता हो कता त्यसको विरोधमा एक शब्द पनि बोल्न नसक्नुलाई आफैंमा रहस्यमय भएको मैले महसुस गरेको छ ।'

त्यसैगरी पूर्वअध्यक्ष ढकालले वर्तमान कार्यसमितिको एक वर्षे अवधिमा माफिया र सिण्डिकेटधारीका लागि स्वर्णयुग जस्तै भएको टिप्पणी गरेका छन् । राजीनामा पत्रमा उनले भनेका छन्, 'संघको तर्फबाट माफिया र सिण्डिकेटधारीको योजना पहिचान गर्न नसक्नु, विरोधमा एक शब्द पनि बोल्न नसक्नु त छँदै थियो, त्यसमाथि उनीहरूको योजनामा साक्षी बस्ने संघ अध्यक्षको गैरजिम्मेवारीपन आफैंमा रहस्यमय रहेको छ ।'

सल्लाहकार ढकालले बिहीबार नै संघमा राजीनामा बुझाए पनि दर्ता र स्वीकृत भएको छैन । संघका अध्यक्ष भण्डारीले भने सल्लाहकार ढकालको आरोप अस्वीकार गरे । आफ्नो नेतृत्वको वर्तमान कार्यसमितिले विगत एक वर्षको अवधिमा चुनावी प्रतिबद्धता अनुसार इमानदार र प्रतिबद्ध भइ व्यवसायीको हितमा काम गरेको भन्दै उनले आफूविरूद्धका आरोप कुनैपनि कोणबाट पुष्टि नहुने दाबी गरे । उनले राजीनामा दिने सल्लाहकारको कदम वैयक्तिक स्वतन्त्रता विषय भन्दै सल्लाहकार ढकालले लगाएका आधारहीन आरोपले उनको व्यक्तित्वलाई नै अविश्वसनीय बनाउने दाबी गरे ।

स्मरणीय छ, ढकाल निवर्तमान संयोजकका हैसियतले संघको पदेन सल्लाहकार हुन् । पदेन सल्लाहकारले राजिनामा दिँदा के हुने भन्ने संघको विधानमा उल्लेख छैन ।

### शिक्षा...

यस्तो किन गरिएको छ ?' प्रस्तावित विधेयकमा अभिभावक संघ संगठन र महासंघलाई राष्ट्रिय चिनारी गरिदिन उनको आग्रह छ। अन्यथा शिक्षा विधेयक हाम्रो होइन भन्ने अभिभावकहरमा पर्ने उनको चेतावनी छ ।

२७ भदौ २०८० मा शिक्षामन्त्री अशोक कुमार राईले प्रतिनिधि सभामा दर्ता गरेको 'विद्यालय शिक्षा विधेयक, २०८०' मा विद्यालय शिक्षा विधेयकका सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको दायीत्वबारे समावेश छ। यो विधेयकलाई संविधान कार्यान्वयनसँग समेत जोडिएकाले चासोका साथ हेरिएको छ ।

विधेयकमाथि १६५ वटा संशोधन प्रस्ताव परेको छ । विधेयकमा अनेकन त्रुटी र विवादित विषय भएको भन्दै यसअघि सरोकारवालाले आपत्ति जनाउँदै आएका थिए । सरकारले संशोधन गर्ने सहमति पनि गरेको थियो । सांसदहरूले विधेयकमाथि समस्याका चाङ देखाउँदै संशोधनका लागि बुँदागत रूपमा प्रस्ताव गरेपछि संसदीय समितिले दफावार छलफल चलाउनु अगाडि सरोकारवालाहरुसँग छलफल चलाएको हो ।

# फिजिसियन डा.पारश श्रेष्ठ सम्मानित

**दिनेश ठाकुर/मध्यान्ह**
नेपालगन्ज, २६ पुस



लाइफलाइन हस्पिटल नेपालगन्जमा कार्यरत फिजिसियन डा.पारश श्रेष्ठ सम्मानित भएका छन् ।

मधेश मानव अधिकार गृह (माहुरी होम) बाँकेले बिहीबार नेपालगन्जमा श्रेष्ठलाई सम्मान गरेको हो । मधेश मानव अधिकार गृह (माहुरी होम) बाँकेका (जिल्ला अध्यक्ष) दिनेश ठाकुरलाई दोसल्ला ओढाएर सम्मान गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गरेका थिए । डा.पारश श्रेष्ठले लामो समय भेरी अस्पतालको डायलाइसिस विभागको प्रमुखका रुपमा कार्यानुभव सम्हालि सकेका छन् । लाइफलाइन हस्पिटलमा डा.श्रेष्ठबाटै मिर्गौलाका बिरामीहरुको उपचार र परामर्श हुने गरेको छ ।

# भारततर्फ लैजाँदै गरिएको गाई र गोरु बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ पुस



रौतहट प्रहरीले अवैधरुपमा भन्सार छली चोरी निकासी गरी लैजाँदै गरेको अवस्थामा गाई, गोरु र बाछी बरामद गरेको छ। प्रहरी चौकी महादेवपट्टीबाट खटिएको प्रहरी गस्ती टोलीले गौर नगरपालिका वडा नं. २ बाट गाई, गोरु र बाछी बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरी गस्ती टोलीलाई देखेर उक्त गाई र गोरु छाडेर मानिस फरार भएका थिए ।

बेवारिसे अवस्थामा रहेको गाई १० वटा, गोरु १ वटा र बाछी ६ वटा बरामद गरिएको प्रहरीले उल्लेख गरेको छ । प्रहरीका अनुसार बरामद गरिएको गाई र गोरु १ लाख ९६ हजार रुपैयाँ बराबरको मूल्य बराबरको रहेको छ। बरामद गाई गोरु आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालय रौतहटमा पठाइएको जिल्ला प्रहरी कार्यालय गौरले जानकारी दिएको छ।

# एकरा स्कुलको वार्षिकोत्सवमा खेलकुद प्रतियोगिता आयोजना

**इसत्याक अहमद/मध्यान्ह**
जनकपुर, २६ पुस



जनकपुरधामको एकरा इस्लामिक इङ्लिश स्कुलको चौथो वार्षिकोत्सवको अवसरमा ' प्रथम खेलकुद प्रतियोगिता-२०८० ' सम्पन्न भएको छ । प्रतियोगितामा विद्यार्थीहरुले ५ वटा खेल क्रिकेट, फुटबल, कबड्डी, दौड र भलिबलमा प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा विजेता विद्यार्थीहरुलाई मेडल, प्रमाण पत्र तथा कप प्रदान गरिएको छ ।

सबैला नगरपालिकाकी उपमेयर रहीमा खातुनको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रमको अध्यक्षता स्कुलका सञ्चालक मो. कलिम राइनले गरेका थिए । कार्यक्रममा विशेष अतिथिहरु जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे, मधेश प्रदेश फुटवल संघका उपाध्यक्ष सुरेश शर्मा, धनुषा जिल्ला फुटबल संघका उपाध्यक्ष निरंजन गौतम, जिल्ला क्रिकेटका कोच मो. अन्सारुल, नेकपा एमालेका प्रदेश सदस्य, नेपाली कांग्रेस मुस्लिम संघ धनुषाका जिल्ला अध्यक्ष मो. इब्राहिम राइन, मो. हकिम राइन राइन, सबैला नगरपालिकाको वडा नं. ८ का अध्यक्ष मो. सेराज राइन, संस्कार स्कुलका फाउण्डर बसन्त यादव, सबैला नगरपालिका ९ का वडाध्यक्ष मनिस राय, मुजेलिया चौकीका इन्चार्ज राजेश सिंह, डा.साहबुदिन हफिज उल्लाह, शेख मोस्तकिम मदनी, मो. अनिस राइन अल रियाजी, शेख मोजिबुल रहमान, पूर्ववडाध्यक्ष तथा एनप्याबसन मधेश प्रदेश सदस्य तथा सिरहा जिल्लाका कोषाध्यक्ष मो. मतिउल राइन, अताबुल रहमान, मनिर राइन, इद मोहमद राइनलगायत थिए । यस्तै स्कुलका सञ्चालक मो. कलिमका आमा बुबाको पनि कार्यक्रममा विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा उपस्थित सबै आमन्त्रित अतिथिहरुलाई मायाको चिनोका साथै गम्छा ओढाएर सम्मान गरिएको थियो भने शिक्षकहरुलाई पनि सम्मान गरिएको थियो ।


**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२७**

**भानु लोवर सेकेन्डी इङलिस बोड्रिङ स्कुल गुल्मी प्रा.लि.** को मिति २०८०/०९/१५ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भानु सेकेण्डरी इङ्गलिस बोर्डिङ्ग स्कूल प्रा.लि. (प्रा.लि. नं.: २९७७७)** साथै साविक ठेगाना परिवर्तन गरी **चन्द्रकोट गाउँपालिका-०३, गुल्मी** कायम गर्ने गरी मिति २०८०/०९/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०६/०८ मा दर्ता भएको **सनसाईन इन्टरनेशनल ट्रेड लिंक प्रा.लि. (प्रा.लि. नं. ७६४२७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

**नामसारी हकदावी. बारे ३५ दिने सूचना**

यसमा जि.रौ.गा.वि.स ब्रहमपुरी वडा नं.१ हाल राजदेवी नपा ९ वस्ने रामकृपाल सिहको पत्नी अमिता देवीले ऐ.ऐ. ठेगाना भएका सुरुज सिहको छोरा बुहारी रामएकवाल सिहको पत्नी सिता देवी सिहको नाउमा दर्ता रहेको तपसिलको नामसारी गरी पाउ भनि राजदेवी नपा ९ नं. वडा कार्यालयको च.न.९५० मिति २०७८।०९।१६ गतेको सिफारीश साथ निवेदन माग गरेकोमा निजको छोरा छोरी नभइ निसन्तान रहेको अवस्थामा सिता देवी को २०७३।१२।०१ मा र निजको पति रामएकवाल सिहको मिति २०५३।१२।११ मा आफनौ कालगतिले मृत्यु भइ सकेकोले निजहरुको शेषपछि हकखाने हकदार ससुरा सुरुज सिहको कान्छा छोरा रामएकवाल सिहको पनि मिति २०६६।०३।१५ गतेमा मृत्यु भइसकेकोले निजको एकमात्र पत्नी अमिता देवीको नाममा नामसारी हुन हकदावीको लागी यो ३५ दिने सुचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अंशियार भए, असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण ३५ दिन भित्रमा यस कार्यालयमा आफु वा रीतपुर्वक वारेस मार्फत प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम.भै जानेछ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | ब्रहमपुरी | १ | ४५७ | ०- १-० | सितादेवी पति रामएकवाल सिह |
| रौतहट | ब्रहमपुरी | १ | ४५९ | ०- ०-७ -८ | सितादेवी पति रामएकवाल सिह |



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकरीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. N. | Product | Model | Origin of Country | Unit | Rate | Basic Rate | Vat 13 % | Total MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 5 " Trolley Speaker | (FR-610) | China | Pcs | USD | 8,051.43 | 1,048.57 | 9,100.00 |
| 2 | 8" Trolley Speaker | (FR-805) | China | Pcs | USD | 8,507.53 | 1,092.47 | 9,600.00 |
| 3 | l0" Trolley Speaker | (FR-1005) | China | Pcs | USD | 9,390.84 | 1,209.16 | 10,600.00 |
| 4 | 15" Trolley Speaker | (FR-1505) | China | Pcs | USD | 13,479.97 | 1,680.03 | 15,160.00 |

**बिक्रताको नाम : सौरभ फोटो इन्टरनेशनल ।**
**ठेगाना** : तिनकुने, सुविधानगर, काठमाडौं । **प्यान नं.**: ३०००५०२७१ । **फोन नं.**: ०१–४१११६३०



## K.I. Singh Rural Municipality
## Office of Rural Municipal Executives

**Wayal, Doti**
**Sudurpaschim province, Nepal**

## Invitation for Sealed Quotation

**Invitation for E-Bids (Date of publication: 2080/09/27, (12th Jan 2024)**

1. ***K.I Singh Rural Municipal Executive Office*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following works*** under National Competitive Bidding procedures.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost without VAT (NRs) | E-bid Security (NRs) | E-bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 07/KIS-RUM/2080/081 | **Construction of Botadisain Brahmadev Buhar Lift Water Supply K.I.Singh R.M. 5 Ranagaun** | **128,49,733.75** | **375,000/-** | **3,000/-** | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3,000 /- of bidding document in the RM's Aantarik Rajaswa khata as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: NMB BANK, Name of Office: K.I Singh RM, Office Code no: ***68-365-1,*** Aantarik Rajaswa khata no. : 1060064068600016(for bid document fee)
4. Pre-bid meeting shall be held at ***K.I Singh Rural Municipal Executive Office,*** at ***2080/10/14 (28 Jan 2024)at 2 P.M.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12***:00 ***PM on*** **2080/10/28**, *(11th Feb 2024)*. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 2080/10/28*** *(11th Feb 2024)* at the office of ***K.I Singh Rural Municipal Executive*** . Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. If E-bidder wishes to submit the E-bid Security in the form of cash, the cash should be deposited in **Isthaniye taha Dharauti Khata No.1060064068600033** at ***NMB Bank, K. I. Singh Branch*** and submit the receipt of the deposited amount of cash along with the E-bid.
7. Eligible E-bidders may obtain further information from ***Office Of the Rural Municipal Executive (K.I. Singh R.M.),Wayal,Doti Phone no:9858484030(C.A.O.).***

**Chief Administrative Officer**

# ऐतिहासिक अमरगढी किल्ला संरक्षणको पर्खाइमा

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २६ पुस



डडेल्धुरामा रहेको ऐतिहासिक ढुंगे अमरगढी किल्ला संरक्षणको अभावमा रहेको छ। डडेल्धुरा जिल्ला सदरमुकाममा रहेको किल्ला ६ हजार ५ सय फिट उचाइमा रहेको छ। यो किल्ला १८४७ भाद्र महिनामा निर्माण गरिएको इतिहास फेला पार्न सकिन्छ।

इतिहासलाई हेर्दा यसको निर्माण राजा रणबहादुर शाहको शासन काल तथा राजकुमार बहादुर शाहको नायवीमा सञ्चालित नेपाल एकीकरणको सिलसिलामा वि.स १८४७ भाद्र १३ गते सेती नदीको नारी दाङमा कप्तान रणविर खत्रीको नेतृत्वमा आएका दश कम्पनीका गोरखाली सैनिक जवान र डोटेली सैनिकको बीचमा घमसान युद्ध भयो। सो युद्धमा गोरखाली फौजका सामुन्य डोटेली फौज पराजित भइसकेपछि डोटी राज्य पनि विशाल नेपाल अधिराज्यमा गाँभिन पुग्यो र भू-भागको सुशानलाई सुदृढ र विस्तार गर्नको लागि अमरसिंह थापा यस क्षत्रको प्रथम प्रशासनको रूपमा नियुक्ति भएर आए।

उनले यस क्षेत्रको संरक्षण तथा महाकाली पारी पनि विजय अभियानलाई जारी राख्न अमरगढी किल्लाको निर्माण गर्न लगाएको हुन्। यो किल्लाको निर्माण भइसकेपछि सरदार अमरसिंह थापा काजी जगतजित पाण्डे, कप्तान गोलैया कप्तान रणविर खत्री सुब्बा आदि सैनिक कमाण्डरहरूले यस अमरगढी किल्लालाई आधार किल्ला कायम गरी काली कुमाउ सर गर्ने कार्य गर्दा बीच बाटोमा घौली थानेर रङ्गयौलीमा कुमाउको राजा मोहन चन्दको फौजले गोरखाली फौजमाथि एक्कासी आक्रमण गर्‍यो।

यसबेला गोरखाली सैनिक सजक नभएको कारण गोरखाली फौजीको पराजय भयो। तर केही समयपछि पुनः कालि कुमाउतर्फ अगाडि सर्‍यो। गोर्खाली सैनिकको अपर्व प्रदर्शनले स्वयम् अमरसिंहको रणकुशलताले गोर्खाली सैनिकको विजय भयो। विजय अभियानको समाप्तिपछि अमरगढी किल्लाको मातहतमा रहने गरी एउटा किल्ला (छाउनी) कुमाउमा राखिएको थियो। यो विशाल किल्लाकै कारण १८७३ को अंग्रेजसँगको लडाईंमा महाकाली वरिको संरक्षण भएको थियो। यसरी ऐतिहासबाट के प्रष्ट हुन्छ भने १८७४ पछिको नेपालको सार्वभौमिकतामा यस कोल्लाको सामरिक महत्व पनि धेरै छ।

अमर सिंह थापाद्वारा निर्माण गरिएको विशाल ढुङ्गे किल्लाको निर्माण कलात्मक रहेको र चारैतिर ढुङ्गाले बनाइएको उक्त किल्लाभित्र गुफाहरु बनाइएको छ। शत्रुलाई छल्ने अनेक युद्ध सफलताको सैनिक प्रयोग र शत्रुद्धारा आएका सस्रनिरोध गर्ने मार्गहरूको निर्माण गरएको छ।

आज भोलि किल्ला माथि ठूला-ठूला वृक्षहरूको उत्पतिले किल्लाको एतिहासिक गौरव अझैं झल्किन्छ भने किल्लाको बीच भागमा उग्रभैरवको मन्दिर प्रतिस्थापन भएबाट यसको धार्मिक र सामरिक महत्व झल्किन्छ।

ऐतिहासिक किल्ला अमरगढी नेपाल एकीकरणका क्रममा अमर सिंह थापाले स्थापना गरेको प्रमुख प्रशासकीय किल्ला हो अमरगढी किल्ला। नेपाल एकीकरण अभियानका महत्वपूर्ण पात्र काजी अमरसिंह थापाको वीरताको गाथा बोकेको अमरगढी किल्ला डडेलधुरामा अवस्थित छ। काजी अमर सिंह थापाले उक्त किल्लालाई आधार शिविर बनाएर नेपाल एकीकरण अन्तर्गत पश्चिम नेपालको विजय अभियान सञ्चालन गरेका थिए।

डडेलधुरा जिल्ला को सदरमुकामको सिरानमा अवस्थित अमरगढी किल्ला ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। उक्त किल्ला कै नामबाट अमरगढी नगरपालिकाको नामकरण गरिएको छ। उक्त किल्ला ऐतिहासिक दृष्टिकोणले मात्र नभइ राजनीतिक, सांस्कृतिक, धार्मिक, सामाजिक एवं पुरातात्विक दृष्टिकोणबाट पनि उत्तिकै महत्वपूर्ण मानिन्छ। किल्लाभित्र राखिएका सबै पुराना हातहतियारहरु सबै गाएव भएका छन्।

डडेल्धुरामा धार्मिक, ऐतिहासिक र साँस्कृतिक महत्व बोकेको किल्ला पछिल्लो समयमा संरक्षण नहुँदा गुमनाम हुने चिन्ता आम नागरिकको रहेको छ। अमरगढी किल्ला ढंगा, माटो तथा मासको गाह्रो बाटो बनाइएको थियो।

किल्लाको संरक्षण नहुँदा किल्लाभित्र भएका युद्धकालिन अवस्थाका तोप लगायतका यद्ध सामानहरु भने चोरी भइसकेका छन्।

नेपाली सेनाले जिम्मा लिएको अमरगढी किल्लालाई पछि नेपाल सशस्त्र प्रहरी बलले जिम्मा लिएको थियो भने अहिले अमरगढी नगरपालिकाले जिम्मा लिएको छ।

**किल्ला संरक्षणमा नेपाली सेनाको चासो**

किल्लाको संरक्षण, प्रवर्द्धन, सुधार तथा स्तरोन्नतिका लागि नेपाली सेना अग्रसर भएको छ। अमरगढी नगरपालिका-१, दहमा रहेको सेनाको रणबम गणका गणपति एवम् प्रमुख सेनानी प्रवीण थापाले संरक्षणका सम्बन्धमा छलफल अगाडि बढाएका छन्।

अमरगढी नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा पाँच लाख रुपैयाँ खर्च गरेर विस्तृत अध्ययन प्रतिवेदन तयार पारेको भिडियो प्रदर्शन गर्दै सुझाव संकलन गरिएको छ। सो प्रतिवेदन अनुसार किल्लाको निर्माणको लागि करिब साढे सात करोड रुपैयाँ आवश्यक पर्ने देखिएको छ। स्थानीय, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजका अगुवाले किल्लाको संरक्षणमा एकजुट हुन जरुरी भएको औंल्याएका छन्।

# पातारासी-४ छुईगोठ मुक्त घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ पुस




जुम्लाको पातारासी गाउँपालिका वडा नं. ४ लाई छुईगोठ मुक्त घोषणा गरिएको छ। सर्वोदय नेपालको साझेदारी, पातारासी गाउँपालिकाको महिला तथा बालबालिका शाखा र वडा नं ४ को आयोजनामा वडालाई छुईगोठ मुक्त घोषणा गरिएको हो।

यस्तै धामीले पनि महिनावारी हुँदा घरमै बस्न आग्रह गरेका छन्। छुइगोठ मुक्त घोषणा कार्याक्रममा थिर्पु गाउँका महारुद्ध देवतका धामी जगबहादुर बोहोराले महिनावारी हुँदा सरफाइ गरेर घरमै बस्न आग्रह गरेका छन्। उनले भने, 'देवता पनि मान्छेले नै मानेका हुन्। घरमा बस्दा देवता रिसाउँछन्,पढाइ बिग्रन्छ, बिरामी परिन्छ भन्ने कुरा गलत हो। पहिलेका मान्छेसँग धेरै कपडा हुँदैन थियो। त्यसैले फोहोरका कारण अलग्गै बस्न भनिएको हो। अहिले त्यो अवस्था छैन, सरफाइ गरेर घरमा बस्दा फरक पर्दैन। म धामी भएपनि मेरा श्रीमती, छोरी र बुहारीलाई महिनावारी भएका बेला घरमा राख्ने गरेको छु।'

पातारासी गाउँपालिकालाई छुईगोठ मुक्त पालिका बनाउने लक्ष्यका साथ सर्वोदय नेपालको साझेदारीमा सचेतना कार्याक्रम गरिएको महिला तथा बालवालिका शाखाका प्रमुख भगवती गरीले बताइन्। उनले पहिलेको तुलनामा छुईप्रथाविरुद्ध भएका सुधार र सामाजिक सशक्तीकरण राम्रो पक्ष भएको बताइन्।

पातारासी गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले गाउँमा अहिले छुईप्रथा मान्ने कुनै घर नभएको बताए। उनले भने, 'सबै महिला, किशोरी घरमै बस्दै आएका छन्। धामी झाँक्रीहरुलाई पटक-पटक अभिमुखीकरण गर्दैं आएका थियौं।'

४ नम्बर वडाका तिर्खु, लाम्री र डिल्लीचौ गरी तीन गाउँमा कुल पाँच सय घरधुरी रहेका छन्। त्यहाँ दुई हजार एक सय ९५ जनसंख्या रहेको छ। जसमा महिला एक हजार ७० जना र पुरुष एक हजार एक सय २५ जना रहेका छन्।

तातोपानी गाउँपालिकाका उपाध्यक्ष रेवती रावलले समाजमा विकृतिका रुपमा जरा गाडेर बसेको छुइप्रथा न्यूनीकरणका लागि छुईगोठ मुक्त अभियान कोशेढुंगा सावित हुने बताइन्। उनले भनिन्, 'छुई प्रथा महिलाको वृत्ति विकासको बाधक हो। अब छुईप्रथालाई उन्मुलन गर्न जरुरी छ।' त्यस्तै सर्वोदय नेपालका निर्देशक कमल खत्रीले छुईगोठ मुक्त घोषणा गर्नुभन्दा पहिला वडाका विभिन्न गाउँका महिलाहरुलाई सचेतना दिइएको बताए। उनका अनुसार महिलाहरुलाई छुईप्रथा र छुईगोठमा बस्दा हुने असर तथा घरमा बस्दा हुने फाइदाका विषयमा जानकारी गराइएको थियो। उनले भने, 'छुईप्रथा महिला शसक्तीकरणको मुख्य बाधक हो। महिला सक्षम नभएसम्म समाज रुपान्तरण सम्भव छैन।'

**सर्वोदयलाई सम्मान**

पातारासी गाउँपालिकाको वडा नं ४ लाई छुईगोठ मुक्त घोषणा गर्नका लागि योगदान गरेको भन्दै सर्वोदय नेपाललाई सम्मान गरिएको छ। विगत लामो समयदेखि महिला सामाजिक सशक्तीकरणका कामलाई प्रथामिकता दिएर कार्य गरेका कारण पातारासी गाउँपालिकाले सर्वोदय नेपालका अध्यक्ष नरायणी चौलागाईंलाई दोसल्ला ओढाएर प्रमाण पत्रसहित सम्मान गरेको हो।

सम्मान पत्र बुझ्दै अध्यक्ष चौलागाईंले छुईगोठ मुक्त घोषणाले महिलालाई हरेक हिसाबले सुरक्षित बनाउने र कार्यबोझ पनि कम हुने अपेक्षा गरिएको बताइन्। छुईगोठ मुक्त वडा घोषणाका लागि विभिन्न सूचक पूरा गर्नका लागि गाउँदेखि बस्ती हुँदै विद्यालयहरुमा पनि सचेतनाका कार्यक्रम गरिएको उनले बताइन्।

उनका अनुसार यसअघि सर्वोदय नेपालको सहयोगमा पातारासीका वडा नं २ र ५ छुईगोठ मुक्त घोषणा भइसकेका छन्। छुईगोठ मुक्त पालिका घोषणा गर्नका लागि गाउँगाउँका महिला तथा बालबालिका शाखा, सर्वोदय नेपाल, किर्डाक नेपाल, पातार ासीमा गठन भएका क्लब, महिला समूह, विद्यालय र किशोरीहरुसँग सचेतनाका कार्यक्रम भइरहेको छ।

त्यस्तै छुईगोठ मुक्त वडा घोषण कार्यक्रममा सबैले छुई भएको समयमा महिलालाई घरमै बसाउने प्रतिबद्धता गर्दै हस्तारक्षर गरेका छन्। उनीहरुले छुई भएको समयमा पोषिलो खानेकुरा खुवाउने, अधिकतम आराम गर्न दिने र सम्मानजनक व्यवहार गर्नेलगायतका विषयमा प्रतिबद्धता जाहेर गरेका छन्।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०९/२७**

**गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consaltency Pvt. Ltd.)** को मिति २०७९/०४/२० मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consultancy Pvt. Ltd.) (प्रा.लि. नं.: २१०४८७)** साथै साविक ठेगाना परिवर्तन गरी **का.म.न.पा.-१६, काठमाडौं** कायम गर्ने गरी मिति २०७९/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

### आशयपत्र सम्बन्धी सूचना

**प्रकाशित मितिः- २०८०/०९/२७**

यस गाउँपालिकाको कार्यालयमा मिति २०८०/०९/२२ गते सम्ममा रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये देहायको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसार सात दिनको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| क्र.स. | ठेक्का नं कामको विवरण | बोल कबोल रकम (मु.अ.क.) बाहेक | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | BRM/NCB-G-01/2080/081 Supply and Delivery of medicine and medical quipment | 2,189,992.18 | Sohan Medihealth Pvt.Ltd Chyamasing Bhaktapur |

**प्रमुख प्रशासकीय अधिकृत**


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०९/२७**

**वाइ फाइ एच.डी नेपाल प्रा.लि.** को मिति २०८०/०७/२० गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **किसान नेट प्रा.लि. (प्रा.लि. नं.: १९४१४८/०७५/०७६)** कायम गर्ने गरी मिति २०८०/०८/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०९/२७**

**वेल नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०८०/०६/१७ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वेल नेपाल ट्राभल एण्ड ट्रेक्स प्रा.लि. (प्रा.लि. नं.: ९०२५३)** कायम गर्ने गरी मिति २०८०/०८/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.**
**निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित। भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात। रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ।**

SK★P
**Employer Company : Syarikat Sin Kwang Plastic Industries Sdn. Bhd. (SKP)**
**रोजगारदाता कम्पनी : स्यारिकात सिन क्वाङ्ग प्लास्टिक इन्डष्ट्रिज् एसडिएन बिएचडि**
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Employer Company Address/Job Site : Batu Pahat, Malaysia | बातु पाहात, मलेसिया

| पूर्व स्वीकृत मितिः २०२३/१०/१० | चलानी नंः ६०२०९०४१ | एल टि नं : २९३९०७ |
|---|---|---|
| Pre Approval Date: 2023/10/10 | Invoice No.: 60209041 | LT No.: 293907 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार उत्पादन क्षेत्र Factory Worker (Manufacturing Sec) | 0 0 | २०० 200 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४२,१७८ 42,178 | कम्पनीको नियम अनुसार As per the company rule | ७.५ घण्टा (रोटेटेड सिफ्ट् बेस) 7.5 Hours (Rotate shift work required) | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरु**

1. Nature of Job : Factory Worker in Manufacturing sector.
   **कामको प्रकृति : उत्पादन क्षेत्रमा कारखाना कार्यकर्ता वा उत्पादन अपरेटर**
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   **ओभरटाइम स्वेच्छिक हुनेछ। ओभरटाइम भुक्तानी गणना**
   i) on Normal Days : Salary*1.5 / **सामान्य दिनमा : तलब * १.५**
   ii) on Sundays/rest days : Salary*2.0 / **आइतबार/विश्राम दिनः तलब * २.0**
   iii) on Public Holidays : Salary*3.0 / **सार्वजनिक बिदामा : तलब * ३.0**
3. Rest Day : One day in a week in accordance to labor law in Malaysia.
   **विश्राम दिन : मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन।**
4. Public Holiday : Paid Holiday for atleast 13 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   **सार्वजनिक बिदा : मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा १३ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा।**
5. Annual Leave : 8 days for first two years of service.
   **वार्षिक बिदा : सेवाको पहिलो दुई वर्षको लागि ८ दिन।**
6. Sick Leave/ **बिरामी बिदा**
   i) Without Hospitalization : 14 days sick leave for each year of service for less than 2 years.
   **अस्पतालमा भर्ना बिना : २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा।**
   ii) Incase of Hospitalization : 60 days sick leave in each calender year.
   **अस्पताल भर्ना भएको अवस्थामा : प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा।**
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   **हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागू हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ।**
8. Right to freedom of association and collective bargaining will be respected.
   **संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ।**
9. Right to freedom of Religion. **धर्मको स्वतन्त्रताको अधिकार।**
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
    **आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।**
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
    **स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ।**

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मे डिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले अन्तर्वार्ताभन्दा एक महिना अगाडि बने को पासपोर्टको ने.रु.५000/- का दरले ब्यहोर्ने NPR 5000/- By the Employer (for new passport issued a month before the interview date only) | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७00/- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५00/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**प्री अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा २०८० माघ ४ गते हुँदैछ।**
**Pre Interview being conducted at the IMR Office, Gwarko, Lalitpur on 18th January 2024.**
**फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८० माघ ५ गते शुक्रबारको दिन हुनेछ।**
**Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 19th January 2024. i.e. Friday.**

**ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।**
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: **(नोटः)**
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. **यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो। यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन। साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनै पनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन।**
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. **सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ। पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन्।**
3. All applicants will be served on "First Come First Serve" basis.
३. **सबै आवेदकहरुलाई पहिलो सेवाग्राहीलाई पहिलो प्राथमिकताका आधारमा सेवा दिइनेछ।**
4. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
**४.यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।**
5. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
५. **पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ। जस्तै : नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि।**

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**

**कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध एस.के.पि.को स्वतन्त्र तेस्रो पार्टी हटलाइन नं ९७७ ९८०७१९९३२० मा वा ईमेल** grievancemdc@gmail.com **मा अथवा एस.के.पि.को लोकल एजेन्ट् कुजयाको ईमेल** whisleblower@kujayagroup.com.my **मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं।**
Feel free to report against fraud, illegal activities or corruption in n SKP's Independent Third-Party Hotline +9779807199320 or email at grievancemdc@gmail.com or at SKP's Local agent's email whistleblower@kujayagroup.com.my without fear of reprisal or intimidation.We shall maintain confidentiality of the complainant/whistle blower.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**International Manpower Recruitment (P) Ltd.**
License No. 309/059/060
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346 | 5204347 | 5204348
Mobile No.: +977 9801045628 | 9851191649 | 9851001600





मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०८०, शुक्रबार
12 January 2024, Friday

सम्पादकीय

## देश देखाउने प्रतिवेदन

अध्यागमन विभागले सन् २०२३ मा नेपालबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर बाहिरिने र भित्रिनेहरूको प्रतिवेदन सार्वजनिक गरेको छ । विभागको प्रतिवेदनअनुसार, भित्रिने भन्दा बाहिरिनेको संख्या चार लाख भन्दा बढी छ । एक वर्षे अवधिमा १६ लाख बाहिरिएका छन् भने १२ लाख २६ हजार भित्रिएका छन् । यसले देशमा आउने भन्दा छोड्नेहरूको संख्या बढिरहेको देखाउँछ । यसपटक विभागले व्यवस्थित तरिकाले प्रतिवेदन तयार पारेकाले कुन प्रयोजनका निम्ति विदेशिएका छन् भन्ने पनि देखाइएको छ । जसअनुसार रोजगारीका निम्ति ८ लाखले देश छोडेका छन् । प्रतिवेदन हेर्दा अध्ययनका निम्ति मात्रै एक लाखले देश छोडेका छन् । अध्ययन गर्न भन्दा धेरै संख्या आफन्त भेट्नका निम्ति विदेशिएको देखिन्छ । प्रतिवेदनमा एक लाख ६७ हजारले आफन्त भेट्न विदेश हिडेको बताएका छन् ।

प्रतिवेदनले देखाएको अर्को डरलाग्दो तस्वीर हो, सधैंका लागि देश छोड्नेहरूको संख्या । एक वर्षभित्रै झण्डै ७१ हजारले विदेशमै स्थायी बसोबासका निम्ति देश छोड्का छन् । ३६ हजार ६६३ पुरुष र ३४ हजार २५१ महिलाले स्थायी बसोबासका निम्ति देश छोडेका छन् । एकै वर्षमा यति ठूलो संख्यामा देश छोड्नु गम्भीर चिन्ताको विषय हो । यसअघि यस्तो प्रतिवेदन तयार नभएकाले यही तथ्याङ्कलाई मात्रै आधार मानेर विश्लेषण गर्न सकिदैन । तर यो संख्यामा केही तलमाथि हुँदा पनि देश छोड्नेहरूको संख्या भयावह रहेको सहज अनुमान लगाउन सकिन्छ । यद्यपि २०७८ को जनगणनाले २१ लाख नागरिक मात्रै विदेशमा रहेको देखाएको थियो ।

